**बैठक संख्या: ४**

आज मिति २०८०।०७।२२ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री ताराचन्द्र चौधरी | सदस्य-सचिव |

बैठक मिति :२०८०।०७।२२

निर्णयहरु :

१. भूकम्पबाट ज्यान गुमाएकाहरु प्रति श्रद्धाञ्जली अर्पण सम्वन्धमा।

२०८० साल कार्तिक १६ गते राती जाजरकोट जिल्लाको रामिडाँडा केन्द्रबिन्दु भई गएको ६.४ रेक्टर स्केलको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिम जिल्लामा भएको ठुलो मानवीय र धनजनको क्षती प्रति दु:ख व्यक्त गर्दै उक्त भूकम्पका कारण ज्यानगुमाएका नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो।

२. नगर शिक्षा समितिको सदस्य मनोनयन सम्वन्धमा।

यस नगरपालिकाको शिक्षा ऐन,२०७६ को दफा ९(१) को (ङ) र (च) बमोजिम मनोनीत नगर शिक्षा समितिका सदस्यहरुको ३ वर्षे कार्यकाल समाप्त भएकोले उल्लेखित नगरशिक्षा समिति सदस्यहरुमा देहायबमोजमलाई मनोनीत गर्ने निर्णय गरियो।

तपसिल :-

क) दफा ९(१) को (ङ)- विध्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट- श्री हुमकान्त खनाल (वि.व्य.स.अध्यक्ष, श्री राष्ट्रिय मा.बि.चन्द्रौटा)

ख) दफा ९(१) को (च)- समाजसेवी,शिक्षाप्रेमी वा चन्दातादाताहरु मध्येबाट- श्री जगत बहादुर घर्ति क्षेत्री, शिवराज-१ र श्री सिता बुढाथोकी, शिवराज-९

३. भूकम्प प्रभावितलाई राहत उपलब्ध गराउने सम्बन्धमा।

२०८० साल कार्तिक १६ गते जाजरकोट जिल्लाको रामिडाँडा केन्द्रबिन्दु भई गएको ६.४ रेक्टर स्केलको भूकम्पका कारण घरबार विहिन भएका भूकम्प प्रभावित नागरिकहरुलाई राहत सहयोग स्वरुप यस नगरपालिकाका सबै जनप्रतिनिधिहरुको ३ दिनको सेवा सुविधा बराबरको रकम र शिक्षक तथा कर्मचारीहरुको न्युनतम मासिक तलबबाट १ दिन बराबरको रकम कट्टा गरी यस नगरपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गर्ने तथा उक्त रकमबाट राहत सामाग्रीहरु खरिद गरी भूकम्पबाट अति प्रभावित जाजरकोट जिल्लाको नलगाड नगरपालिकालाई उपलब्ध गराउने निर्णय गरियो।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि श्रममूलक आयोजना छनौट सम्वन्धमा।

आ.व.२०८०/०८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुबाट सिफारिस भई आएका देहायबमोजिमका श्रममूलक आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

तपसिल :-

| वडा नं. | श्रममूलक आयोजनाहरु |
|---|---|
| १ | करहिया खैरहवा खेतको दक्षिणमा रहेको कुलो खैरहवा खेत हुदै भलुही ओलेट बहादुर जी.सी.जी घर देखि दक्षिण जवई जाने कुलोको साइडमा बाटो निर्माण, |
| २ | पिपालचोक असीवीगाह, राम प्रसाद अर्यालको घरदेखी दक्षिण गौरिया हुदै हरहट्टीसम्म सार्वजनिक कुलो खन्ने तथा सरसफाई गर्ने, |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

| | |
|---|---|
| ३ | मैनार पंडितको खेत र खुसरामको घर नजीकको बाटो मर्मत साथै बगहवा खोला तटबन्धन र मैनार बुलकिया कुलो मर्मत, |
| ४ | फुल चन्द्रको घरदेखी पश्चिम जाने कृषि बाटो स्तरोन्नति २०० मिटर र सोबिन्दको घरदेखि पूरण पण्डितको बगैचासम्म कुलो मर्मत ५० मिटर, |
| ५ | शिवराज नगरपालिका वडा नं. ५ स्थित पर्सिया शिव मन्दिर देखि पूर्व सौनी जाने बाटोमा नाली निर्माण सहित माटो पटान, |
| ६ | दक्षिण पिपरी पूर्व पोखरीको दक्षिण हुदै शिवराज न.पा. वडा नं. १० को सिमाना सम्म गएको अधुरो बाटोमा माटो पटान, |
| ७ | जूमीली गाउको पूर्व र पशिम तिरको नाला सरसफाई तथा कुलो खन्ने, |
| ८ | हिडवा गाउँ देखि पश्चिम सुरइ खोलासम्म सड़क निर्माण, |
| ९ | रमुवादह देखि शिवगढी जाने बाटोमा माटो पटान, |
| १० | खदरा देखि पेट बनियासम्म कुलो मर्मत, |
| ११ | मैटहवा गाउँ देखि उत्तर सेमरी जानकि मन्दिरसम्म सड़क निर्माण । |

५. सामुदायिक विध्यालयहरुको विध्युत र खानेपानी महशुल भुक्तानी सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विध्यालयहरुको २०८० श्रावण महिना देखि हाल सम्मको विध्युत र खानेपानी महशुल वापत विध्यालयले पेश गरेको बिल अनुसारको रकम शिक्षा तर्फ बार्षिक स्वीकृत विध्यालय संचालन तथा व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख